नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, बझाङ

Website: www.piubajhang.pmamp.gov.np
Email: pmamp.piu.bajhang@gmail.com
फोन नं.: ०९२-४२१३०४

प.सं. ०८३/८४
च.नं.

**सेवा परामर्श अन्तर्गत कृषि इन्जिनियर करारमा लिने सम्वन्धी सूचना !**

**विज्ञापन नं. १-२०८३/०८४**

**(सूचना प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०४)**

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बझाङको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि इन्जिनियर सेवा परामर्श(खर्च शिर्षक २२४११) करार नियुक्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन(अर्थात मिति २०८३/०५/१८ गते विहिवार कार्यालय समय) भित्र आवश्यक सम्पूर्ण कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कार्यअनुभव सम्वन्धी कागजातको प्रतिलिपि।

**छनोटको किसिमः** वायोडाटा तथा कार्यअनुभव।

**तलब सुविधाः** मासिक पारिश्रमिक नेपाल सरकारले तोके अनुसार।

**उम्मेदवारको उमेर हदः** २०८३/०५/१८ गतेसम्म २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपांग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको।

**आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि नेपाल इन्जिनियरिङ परिषदबाट लाईसेन्स प्राप्त गरेको।

**आवश्यक कार्य अनुभवः** कृषि इन्जिनियरिङ सम्वन्धी अनुसन्धान, प्रविधि प्रसार, कृषि यान्त्रिकीकरण, सिंचाई तथा श्रोत संरक्षण प्रविधि, कृषि पूर्वाधार लगायतका क्षेत्रमा कम्तीमा १(एक) वर्षको कार्य अनुभव भएको।

द्रष्टव्यः

१. सूचनामा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नपुगेको निवेदन ग्राह्य हुने छैन।
२. उम्मेदवारले निवेदनसाथ् प्रष गर्ने शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा कार्यअनुभव लगायतका कागजातहरु स्वयंले प्रमाणित गरेको हुनुपर्ने छ।
३. विदेशी शैक्षिक संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्वन्धित निकायवाट आफूले प्राप्त गरेको शैक्षिक योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्ने छ।
४. करार अवधी यस आ.व.को असार मसान्त सम्म हुनेछ।
५. लोक सेवा आयोगबाट सम्वन्धित पदको वैकल्पिक तथा अस्थायी योग्यताक्रमको सूचीमा रहेको/राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत कार्यअनुभव भएको/स्थानीय आवेदकलाई विशेष प्राथमिकता दिईनेछ।

चरित्र नारायण यादव
कार्यालय प्रमुख

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in domestic production,
Path to Self-Sufficiency"